दैनिक लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३७ | अंक १९८ | बुटवल | २०८२ असार ३० गते, सोमबार | नेपाल संवत ११४५ | Monday July. 14, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

## भ्रष्ट तत्वले हस्ताक्षर अभियान चलाए : प्रधानमन्त्री



बुटवल । प्रधानमन्त्री केपी शर्मा ओलीले राष्ट्रिय स्वतन्त्र पार्टीलाई लक्षित गरी भ्रष्ट तत्वहरूले हस्ताक्षर क्याम्पियन चलाएको टिप्पणी गरेका छन् । झापाको बिर्तामोडमा आइतबार आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै नेकपा एमालेका अध्यक्षसमेत रहेका प्रधानमन्त्री ओलीले राष्ट्रिय स्वतन्त्र पार्टीप्रति लक्षित गर्दै भ्रष्ट तत्वहरूले हस्ताक्षर क्याम्पियन चलाएको बताएका हुन् ।

रास्वपाले सहभागी ठगी प्रकरणमा कारागारमा रहेका आफ्ना सभापति रवि लामिछानेलाई प्रतिशोधपूर्ण तरिकाले जेलमा राखिएको भन्दै देशव्यापी हस्ताक्षर अभियान चलाएको छ । ओलीले उक्त अभियानलाई लिएर आइतबार टिप्पणी गरेका हुन् ।

ओलीले सहकारीका करोडौं इवाँम पार्ने, गरिब जनताका पैसा खाएर अन्याय पऱ्यो भन्दै हस्ताक्षर गर्ने गरेको आरोप लगाए । अदालतले थुन्ने आदेश दिए पनि एमालेमाथि प्रहार भइरहेको भन्दै उनले अन्याय भएको भए पुनरावेदनमा जान सुझाव दिए ।

'भ्रष्ट तत्वहरू हस्ताक्षर क्याम्पियन चलाएर हिँडेका छन् । सहकारीका करोडौं इवाँम पार्ने गरिब जनताका पैसा अनि अन्याय पऱ्यो भन्ने ?,' ओलीले भने-'हामीले गरिदिएको हो अन्याय ? अदालतले लगेर थुनेको छ त हामीले अन्याय गरिदिएको हो ? मुद्दा लड्न जाऊ न अदालतका विरुद्ध पुनरावेदन गर्न पाइन्छ । मुद्दा लड्न पाइन्छ । अनि जे भए पनि भीरमा भैंसी लैजाने, चराउन नजानेर आफूले लडाउने, अनि केपी ओलीको सरकार यस्तो नालायक भन्ने ?'

ओलीले रास्वपाले प्रतिपक्षमा बसेर झुट अफवाह फैलाएको आरोप पनि लगाए ।

## काठमाडौंको बजेट २५ अर्ब ७६ करोड




बुटवल । काठमाडौं महानगरपालिकाले २५ अर्ब ७६ करोड ४३ लाख ४१ हजार रुपैयाँको बजेट ल्याएको छ ।

आइतबार बसेको १७औं नगरसभाको पहिलो बैठकमा उपप्रमुख सुनिता डंगोलले सो बजेट सार्वजनिक गरेकी हुन् ।

२५ अर्ब ११ करोड ४३ लाख ४१ हजार रुपैयाँ संचित कोषमा व्ययभार पर्ने र ६५ करोड रुपैयाँ अन्य बाह्य व्ययभार हुनेगरी सो रकमको अनुमानित बजेट सार्वजनिक गरिएको हो ।

बजेट ल्याउनुअघि मेयर बालेन्द्र शाह (बालेन) ले नीति तथा कार्यक्रम प्रस्तुत गरेका थिए ।

संवैधानिक व्यवस्था अनुसार स्थानीय तहले असार १० गतेभित्र बजेट ल्याइसक्नु पर्ने भए पनि काठमाडौं महानगरभित्रको आन्तरिक द्वन्द्वले ढिला भएको हो ।

बजेट ल्याउन ढिला भएको भन्दै त्यसमा उपप्रमुख डंगोलले माफी समेत मागेकी थिइन् । तर उनले विगतका सबै तीता कुरा मिलाएर अब एकजुट भएर अघि बढेको प्रष्ट पारेकी थिइन् ।

## मन्त्रीको ७८ लाख घुस डिलबारे प्रधानमन्त्रीको जवाफ माग

बुटवल । सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्री राजकुमार गुप्ताको घुस डिल प्रकरण सदनमा उठेको छ ।

नेकपा माओवादी केन्द्रकी सांसद दुर्गा राईले मन्त्रीको ७८ लाख घुस प्रकरण सार्वजनिक हुँदा पनि प्रधानमन्त्री केपी ओली चुप लागेर बसेको भन्दै प्रश्न उठाइन् ।

मन्त्री गुप्ता नेकपा एमालेबाट नियुक्त भएका हुन् ।

उनले भनिन्-'मन्त्रीहरूले घुसको डिल गरेको सार्वजनिक भएपछि सरकारले एक्सन लिन पर्छ कि पर्दैन ? मन्त्रीहरूले नैतिकता देखाउने विषय त टाढाको बन्दै छ ।'

उनले भ्रष्टाचार गर्दिनँ र गर्न पनि दिन्न भन्ने प्रधानमन्त्रीको टुक्काले नपुग्ने भन्दै मन्त्रीको घुस डिल प्रकरणको जवाफ सदनमा आएर दिन माग गरिन् ।

मन्त्री गुप्ताले सार्वजनिक भएको अडियोकाण्डमा उल्लेख भएको पैसा भैंसेपाटीस्थित मन्त्री क्वार्टरमै भेटिएको स्वीकारेका छन् ।

प्रधानमन्त्री केपी शर्मा ओलीलाई मौखिक स्पष्टीकरण दिँदै मन्त्री गुप्ताले पैसा क्वार्टरमै भेटिएको स्वीकारेका हुन् । यद्यपि, सो पैसा आफूलाई फसाउनका लागि क्वार्टरमा छाडेर त्यसअनुसारको अडियो रेकर्ड गरिएको हुन सक्ने उनको दाबी छ ।

सरुवा र नियुक्ति विषयमा ७८ लाख रुपैयाँको डिल गरेको विषय बाहिरिएपछि उनीविरुद्ध 'एक्सन' लिने तयारीमा प्रधानमन्त्री ओली लागेका छन् ।

### रूपन्देही ३ उप-चुनाव :

# राप्रपाबाट यी ६ मध्ये कसले पाउलान् टिकट ?

**लुम्बिनी संवाददाता**

*बुटवल*




रुपन्देही ३ मा कार्तिकमा हुने उप-निर्वाचनमा राष्ट्रिय प्रजातन्त्र पार्टीले ६ जनाको नाम उम्मेदवारका लागि सिफारिश गरेको छ । राप्रपा जिल्ला कार्यसम्पादन समितिको आइतबार बसेको बैठकले ६ जनाको नाम केन्द्रलाई सिफारिस गरेको केन्द्रीय सदस्य स्वाती थापाले बताइन् । उनका अनुसार पार्टी केन्द्रीय सदस्यद्वय स्वाती थापा र बसन्तविक्रम शाही, रुपन्देही अध्यक्ष सागरप्रताप राणा, स्व दीपक बोहराका छोराहरु गौरव बोहरा, प्रज्ज्वल बोहरा र जिल्ला नेता दिलिप मल्लिकको नाम सिफारिस भएको छ ।

०७९ सालको निर्वाचनमा निर्वाचित भएका राप्रपाका वरिष्ठ नेता दीपक बोहराको निधन भएपछि कार्तिक १७ गते उप-निर्वाचन हुन लागेको छ ।

०७९ को निर्वाचनमा स्वर्गीय बोहराकी नातिनी समेत रहेकी थापा चुनावी कमाण्डर रहेकी थिइन् । गौरव बुद्ध एयरको सिनियर पाइलट हुन् भने प्रज्ज्वल इञ्जिनियर हुन् ।

राप्रपा केन्द्रीय कमिटीले असार १९ गते वरिष्ठ नेता रहेका उपाध्यक्ष ध्रुवबहादुर प्रधानको संयोजकत्वमा उपनिर्वाचन परिचालन समिति गठन गरेको थियो । समितिमा निरञ्जन थापा, प्रदीप उदय, ताहिर अली सदस्य रहेका छन् । ०७९ मा नेकपा एमालेको साथ पाएर निर्वाचन जितेको राप्रपा समानुपातिक मतमा भने चौथो स्थानमा छ । तत्कालीन गृहमन्त्री कांग्रेसका नेता बालकृष्ण खाँण बोहरासँग पराजित भएका थिए ।

सिफारिश भएका ६ जना मध्येबाट पार्टी केन्द्रले एकजनालाई उम्मेदवार बनाउने छ ।

रुपन्देही ३ मा काठमाडौं महानगरपालिकाका प्रमुख बालेन्द्र शाह (बालेन) का सल्लाहकार तिलोत्तमाका सन्तोष गिरीले पनि स्वतन्त्र उम्मेदवारी दिने तयारीमा छन् । ३३ वर्षीय गिरी केही दिनयता निर्वाचन क्षेत्रमा मतदातासँग भेटिरहेका छन् ।

उनलाई रास्वपाले पनि सघाउने गरी पार्टी केन्द्रमा छलफल भइरहेको स्रोतको दाबी छ । यसअघि भैरहवाका व्यवसायी अजयकुमार गुप्ता, बुटवल मोतीपुरका लेखनाथ गैरेले औपचारिकरुपमा स्वतन्त्र उम्मेदवारी घोषणा गरेका छन् ।

**राजमोबाट आलम**

यस्तै राष्ट्रिय जनमोर्चाले बद्रे आलमलाई उम्मेदवार बनाउने निर्णय गरेको छ । राष्ट्रिय जनमोर्चाले रुपन्देही जिल्लाको प्रतिनिधिसभा निर्वाचन क्षेत्र नं. ३ मा बद्रे आलम (मुसलमान) लाई उम्मेदवार बनाउने भएको छ ।

आगामी कात्तिक १७ गते हुने उप-निर्वाचनमा पार्टीका केन्द्रीय सल्लाहकार आलमलाई उम्मेदवार बनाउने निर्णय भएको अध्यक्ष चित्रबहादुर केसीले जानकारी दिए । आलम सोही क्षेत्रका बासिन्दा हुन् ।

उप-निर्वाचनमा नेपाली कांग्रेसबाट बालकृष्ण खाँण, भरत शाह, प्रमोद यादव, रामचन्द्र ढकाल, रमेश खनालगायतको नाम चर्चामा छ । तर नक्कली भुटानी शरणार्थी प्रकरणमा मुछिएर थुनामा परी रिहा भएका खाँण उम्मेदवारी दर्ताको समयसम्म मुद्दाको किनारा लागे मात्रै उम्मेदवार बन्ने अन्यथा नबन्ने उनी निकटहरु बताउँछन् । एमालेबाट पोलिटब्युरो सदस्य खिमलाल भट्टराई, व्यवसायी शशि पौडेल, पूर्व प्रदेश सांसद दधिराम न्यौपाने, केन्द्रीय निर्वाचन आयोगका सदस्य भरत पोखरेल र सिद्धार्थनगर नगरपालिकाका पूर्वमेयर हरि अधिकारी पनि उम्मेदवार बन्ने चर्चा छ । तर पौडेलले टिकट पाउने दाबी पार्टीकै नेताहरुले गरेका छन् ।

माओवादी केन्द्रसहितका विपक्षी दलबाट उम्मेदवारका आकांक्षी अझै खुलेका छैनन् । तर एकीकृत समाजवादीका युवा नेता एवं अस्पताल व्यवसायी कमल भण्डारी उम्मेदवार बन्ने चर्चा छ ।

रास्वपाबाट उम्मेदवारका आकांक्षी आफैं खुलेका छैनन् । तर आकांक्षी निकटहरुका अनुसार क्षेत्र नं. ३ का सभापति मधु अर्याल, सहकारी अभियान्ता ज्ञानु पौडेलगायतको नाम चर्चामा छ ।

संयुक्त लोकतान्त्रिक मधेशी मोर्चाबाट नागरिक उन्मुक्ति पार्टीले उम्मेदवारी दिने ७ दलबिच सहमति भएको थियो । नागरिक उन्मुक्तिबाट गत आम चुनावमा रुपन्देही १ को प्रतिनिधिसभा सदस्य चुनावमा पराजित धनिराम चौधरी उम्मेदवार बन्ने चर्चा छ ।

**यस्तो छ विगतको नतिजा**

९० हजार मत खसेको २०७९ सालको निर्वाचनमा नेपाली कांग्रेसले २० हजार २७८ मत पाएको थियो । एमालेले १६ हजार ९८६ मत पाउँदा रास्वपाले १४ हजार १५४ र राप्रपाले भने जम्मा ९ हजार १८३ मत पाएको थियो ।त्यस्तै नागरिक उन्मुक्ति पार्टीले ६ हजार र जसपाले ५ हजार मत पाएको थियो । लोसपाले ५ हजार, जनमत पार्टीले ३ हजार ७००, माओवादी केन्द्रले २ हजार ६०० सय, जनमुक्ति पार्टीले १ हजार ९००, हाम्रो नेपाली पार्टी (लौरो)ले १ हजार ३४७ र नेकपा एकीकृत समाजवादीले ७८१ मत पाएका थिए ।

» बाँकी ३ पेजमा

## मतदाता नामावली अद्यावधिक हुने

बुटवल । निर्वाचन आयोगले रूपन्देही जिल्ला प्रतिनिधिसभा सदस्य क्षेत्र नं. ३ मा हुने उप-निर्वाचनका लागि मतदाता नामावलीलाई अद्यावधिक गर्ने निर्णय गरेको छ ।

आयोगकी सह-सचिव एवं प्रवक्ता नीता पोखरेल अर्यालले प्रेस विज्ञप्ति निकालेर मतदाता नामावलीलाई अद्यावधिक गर्ने निर्णय भएको जानकारी दिएकी छन् ।

रुपन्देही ३ मा आगामी कात्तिक १७ गते उप-निर्वाचन हुँदैछ । उक्त उप-निर्वाचनमा २०८२ साल कात्तिक १६ गतेसम्म १८ वर्ष उमेर पूरा हुने मतदाताले मतदान गर्न पाउँछन् । आयोगका अनुसार अद्यावधिक कार्यक्रमअन्तर्गत संकलित मतदाताको विवरण यही साउन १४ गते वेबसाइटमा प्रकाशन गरिनेछ । साउन १५ गतेदेखि २२ गतेसम्म मतदाताले नामावलीमा रहेको त्रुटि सच्याउन निवेदन दिन सक्नेछन् ।कसैले झुट्टा विवरण दिई नामावलीमा नाम समावेश गरेको भए त्यसको विरोधमा उजुरी दिने, कुनै मतदाताको नाम एकभन्दा बढी स्थानमा समावेश भएकोमा एक स्थानमा मात्र कायम गर्न निवेदन दिने, मृत्यु भएका वा नागरिकता त्याग गरेका मतदाताको नाम मतदाता नामावलीबाट हटाउनको लागि सूचना दिनेलगायतका कार्यहरु पनि यही अवधिमा हुनेछ ।

आगामी भदौ २५ गते मतदाता नामावली अद्यावधिक प्रक्रिया पूरा भएर अन्तिम मतदाता नामावली प्रकाशित गर्ने कार्यतालिका छ ।

## पूर्व गृहमन्त्री, कांग्रेस र एमाले जिल्ला अध्यक्षको वडामा रास्वपाको जित



बुटवल । सत्तारुढ नेपाली कांग्रेस र नेकपा एमालेको गठबन्धनलाई हराउँदै दुई दलका जिल्ला अध्यक्षहरुको वडामा भएको टोल विकास संस्थाको चुनावमा रास्वपाले बाजी मारेको छ ।

रास्वपालाई राप्रपाले सघाएको थियो ।

कांग्रेस नेता एवं पूर्व गृहमन्त्री बालकृष्ण खाँणको समेत वडा पर्ने तिलोत्तमा नगरपालिका ८ को चार नम्बरस्थित मिलन टोल विकास संस्थाको चुनावमा चारजना पदाधिकारीमा रास्वपाले क्लिन स्वीप गरेको छ । उक्त टोल नेकपा एमाले रुपन्देहीका अध्यक्ष यज्ञ गैरेको घर भएको टोल हो भने कांग्रेस रुपन्देही सभापति रामकृष्ण खाँणको घर भएको वडा र छिमेकी टोल हो ।

१५ सदस्यीय कार्यसमितिमा ४ पदाधिकारी र ४ सदस्यसहित रास्वपाले बहुमत पदमा जितेको छ भने सदस्यहरुमा ३ जना एमाले, रास्वपाकै प्यानलबाट राप्रपाका दुई जना र २ जना कांग्रेसबाट निर्वाचित भएका छन् । २७२ घरधुरी मतदाता रहेको चुनावमा २३३ मत खसेको थियो ।

अध्यक्षमा रास्वपाका रामाकान्त भुसालले १२४ मत पाएर विजयी हुँदा एमालेका कृष्ण चापागाईंले सय मत पाए । उपाध्यक्षमा पर्सुराम काफ्लेले १४५ मत पाउँदा गठबन्धनका कांग्रेसकी रीना बरालले ८१ मत पाइन् ।

सचिवमा रास्वपाका सीता तिवारीले ११९ मत पाएर विजयी हुँदा कांग्रेसका थम्मन गुरुङले १०५ मत पाए । कोषाध्यक्षमा रास्वपाका प्रतिक पाण्डे १२६ मत पाएर विजयी हुँदा एमालेकी बबी चापागाईंले ९८ मत पाएकी छन् । तिलोत्तमामा रहेका खानेपानी संस्था, सामुदायिक वन जस्ता उपभोक्ताका संस्थामा कांग्रेस र एमालेले भागबण्डा गरेर संस्थामा राजनीतिकरण हावी गराउँदा मतदाताहरु दुई दलप्रति असन्तुष्ट भएको नतिजा टोल विकास संस्थाको चुनावमा देखिएको एमाले र कांग्रेसकै नेताहरुले बताए ।

रास्वपाका स्थानीय नेता बुद्धि सापकोटाले हरेक संस्थामा सत्तारुढ दुई दलको सिण्डिकेटविरुद्ध अब टोल टोलबाट विद्रोह हुन लागेको नतिजाका रुपमा यो चुनावको नतिजालाई बुझ्नुपर्ने बताए ।

चुनाव भएको टोलमै रहेको करहिया खानेपानी संस्थाको अध्यक्षमा एमाले जिल्ला अध्यक्ष यज्ञ गैरे अध्यक्ष र कांग्रेस नेतृ शान्ता बस्याल उपाध्यक्ष छन् ।

» बाँकी ३ पेजमा



# सम्पादकीय

## लघुवित्तको साधारणसभा अपारदर्शी किन ?

नेपाल ग्रामीण विकास लघुवित्त वित्तीय संस्थाले कर्मचारी संगठन र शेयर सदस्यहरुको विरोधलाई बेवास्ता गर्दै अपारदर्शी ढंगले साधारणसभा सम्पन्न गरेको छ। अधिकांश महिला शेयर सदस्यहरूलाई जानकारी नदिई / सहभागी नगराई पत्रकारलाई प्रवेश निषेध गरेर प्रहरी घेरामा साधारणसभा सम्पन्न भएको छ। साधारणसभामा शेयर सदस्यको सहभागिता अनिवार्य शर्त हो। कतिपय बाहेक धेरै सदस्य अनुपस्थित साधारणसभामा पत्रकारलाई पनि निषेध गर्नुले अनेक आशंका उब्जिएका छन्।

लघुवित्त संस्थाहरुप्रति नागरिकको विश्वास खस्किरहेको बेला पारदर्शी क्रियाकलापलाई अवलम्बन गर्नुपर्नेमा अपारदर्शी क्रियाकलाप गरेर नेपाल ग्रामीण विकास लघुवित्तले गलत गरेको छ। हरेक सार्वजनिक संस्थाहरु पारदर्शी हुनुपर्छ। नागरिकको सूचना अधिकारलाई सूचनाको हकसम्बन्धी ऐन २०६४ ले ग्यारेण्टी गरेको छ। नागरिकलाई सूचना उपलब्ध गराउन क्रियाशिल पत्रकारहरु नै साधारणसभामा रोक लगाउनुले ऐन कानुनको उल्लंघन भएको छ। यस्ता अपारदर्शी क्रियाकलापले संस्थालाई गतिशील बनाउन सक्तैनन्। सञ्चालक समितिका अध्यक्ष भरतराज कोइराला र कम्पनी सचिवसमेत रहेका प्रमुख कार्यकारी अधिकृत श्यामकुमार कटुवालको मिलेमतोमा औपचारिकताका लागि मात्रै साधारणसभा गरिएको कर्मचारी संगठनको आरोप छ। ग्रामीण विकास लघुवित्त वित्तीय संस्थाले समाज लघुवित्त वित्तीय संस्था लिमिटेडसँग मर्जर प्रस्ताव पारित गर्नका लागि शेयर सदस्यहरूलाई सहभागी नै नगराई जबरजस्ती साधारणसभा गरेको आरोप लगाइएको छ। यो आरोप लगाउने कर्मचारीहरु कार्यक्रमस्थलमा कालो ब्यानरसहित विरोध प्रदर्शन गरे। साधारणसभामा जुन अपारदर्शी क्रियाकलाप भयो, यसले नेपाल ग्रामीण विकास लघुवित्तको आगामी यात्रालाई कठिन बनाउने जोखिम छ। यहाँ भएको अपारदर्शी क्रियाकलापलाई बेवास्ता गर्ने हो भने अरु लघुवित्तमा पनि यस्तै रवैया दोहोरिन सक्छ, तसर्थ सरोकारवाला निकायले बेलैमा ध्यान दिनुपर्छ।

नेपाल ग्रामीण विकास लघुवित्तलाई समाज लघुवित्तसँग मर्ज गर्न के बाध्यता आइपर्‍यो ? व्यक्तिगत स्वार्थका लागि संस्थालाई कमजोर बनाउने खेल गलत छ। आर्थिक वर्ष २०८०/०८१ को वित्तीय सूचकांकमा ग्रामीण विकास लघुवित्त वित्तीय संस्थाको तुलनामा समाज लघुवित्त वित्तीय संस्था लिमिटेडका सूचकहरु कमजोर भएकाले मर्जर प्रक्रिया अघि बढाउने निर्णयमा विरोध हुनसक्छ भनेर शेयर सदस्यको सहभागिता नगराइएको हुनसक्छ। शेयर सदस्यलाई किनारा लगाएर निश्चित व्यक्तिले नियन्त्रण गरेको संस्थाका क्रियाकलापलाई राष्ट्र बैंकले निगरानी र अनुगमन गरी पारदर्शी बनाउन पहलकदमी लिनुपर्छ।

# लोभी नेता, लालची कर्मचारी !



धर्मराज भट्टराई

यस्तो अवस्थमा मुलुकको आर्थिक समृद्धि सपना पूरा हुने देखिंदैन। जबसम्म स्वार्थी, लोभी र दिशाहीन राजनीतिक नेतृत्व र लालची कर्मचारीले मुलुकका प्रमुख निकायमा प्रभाव जमाई राख्नेछन्, तबसम्म कुनै आशा गर्ने ठाउँ देखिंदैन। यसैकारण अहिलेसम्म नेता र कर्मचारीले विभिन्न क्षेत्रमा स्थापना गरेका वेथिति जरैदेखि निर्मुल नपारेसम्म मुलुकमा शान्ति र समृद्धि आशा गर्न सकिंदैन।

सामान्यतया मानिस आफूले चाहेको कुनै पनि वस्तु तथा सेवा पहिलोपटक उपभोग गर्दा अधिक सन्तुष्टि प्राप्त गर्छन्। तर, दोस्रो, तेस्रोपटक लगातार सोही वस्तु उपभोग गर्दै जाँदा सन्तुष्टिको मात्रा घट्दै जान्छ, अर्थात् 'त्यसको महत्त्व घट्दै जान्छ' भन्ने मान्यता छ। अर्थशास्त्रमा यसैसँग सम्बधित नियमसमेत बनेको छ। जसलाई 'सीमान्त उपयोगिता ह्रास' नियम भनिन्छ। अर्थशास्त्रको यो नियम 'विवेकशील उपभोक्तालाई मात्र लागू हुन्छ' भनिएको छ। यस्ता उपभोक्ता आफूलाई 'कुन कार्य गर्दा हित हुन्छ वा हुँदैन ?' भनेर निर्णय लिनसक्ने क्षमता राख्ने गर्छन्।

यस अर्थमा 'नेपालका अधिकांश राजनीतिक दलका नेता र सरकारी कर्मचारी विवेकशील छैनन्' भन्ने अर्थ लाग्छ। किनकि, उनीहरूमा यो नियम लागू भएको देखिंदैन। एउटै व्यक्ति बारम्बार प्रधानमन्त्री, मन्त्री हुँदासमेत यसप्रतिको मोह घटेको देखिंदैन। यसैगरी, वर्षौंसम्म सरकारी सेवासुविधा उपभोग गरेका उच्चओहोदामा पुगिसकेका कर्मचारी अवकाशपछिसमेत यस्तै सुविधा जीवनभर खोजिरहेका भेटिन्छन्। मुलुकमा राजनीतिक खिचातानीका घटनाक्रम घट्नेक्रम रोकिएको छैन। प्रमुख राजनीतिक दलका नेताका ध्यान सरकार बनाउने र ढलाउने खेलमै केन्द्रित देखिन्छ। २०७९ मंसिरमा सम्पन्न आमनिर्वाचनपछि करिब साढे २ वर्षको अवधिमा मुलुकमा चौथोपटक सत्ता गठबन्धन बनिसकेको छ। तथापि, नेतृत्व भने दुई जनाको हातमा मात्र परेको छ। प्रतिनिधिसभा सदस्य पदको चुनावपछि तत्कालीन गठबन्धनमा रहेको नेपाली कांग्रेस र नेकपा माओवादी केन्द्रबिच आलोपालो सरकारको नेतृत्वमा कुरा मिलेन। यसपछि माओवादीका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले नेकपा एमालेलाई सहयात्री बनाई सरकारको नेतृत्व गरे। त्यो गठबन्धनको सरकारमा माओवादी, एमाले, रास्वपा र राप्रपासहितका दल सहभागी थिए। तर, यो गठबन्धन धेरै दिन टिक्न सकेन।

२०७९ फागुन दोस्रो साता प्रचण्डले राष्ट्रपतिमा कांग्रेसका रामचन्द्र पौडेललाई समर्थन गर्ने निर्णय गरी सत्तासहयात्री एमालेसँगको यात्रामा पूर्णविराम लगाए। यसपछि पुनः कांग्रेससहितका दलसँग मिलेर नयाँ गठबन्धनको सरकार बन्यो। यसको नेतृत्वसमेत प्रचण्डले गरेका थिए। करिब तेह्र महिना चलेको यो गठबन्धन पनि अगाडि बढन् सकेन। यसपछि प्रचण्डले पुनः एमालेलगायत दलसँग मिलेर आफ्नो नेतृत्वमा सरकार गठन गरे। यो पनि धेरै दिन टिक्न सकेन। प्रचण्डले संसदमा विश्वासको मत प्राप्त गर्न नसकेपछि ३० असार २०८१ मा संसद्को ठूलो दल नेपाली कांग्रेसको समर्थनमा नेकपा एमाले अध्यक्ष खड्गप्रसाद (केपी) शर्मा ओली प्रधानमन्त्री नियुक्त भए।

अहिले मुलुकको नेतृत्व सम्हालिरहेका प्रधानमन्त्री केपी ओलीको यो पहिलो कार्यकाल भने होइन। उनी यसअघि तीनपटक प्रधानमन्त्री भइसकेका छन्। यो उनको चौथो कार्यकाल हो। उमेरले सात दशक पार गरिसकेका ओलीलाई अझै पनि 'प्रधानमन्त्री पद'को भोक मेटिएको देखिंदैन। सत्ता साझेदार दल नेपाली कांग्रेससँग 'आलोपालो प्रधानमन्त्री हुने' सहमति भए पनि उनले सजिलै यो पद छोड्नेमा आशंका व्यक्त गरिएको छ। अर्कोतर्फ, कांग्रेसका तर्फबाट प्रधानमन्त्री बन्न लागेका उम्मेदवार पनि कुनै नौलो व्यक्ति भने पक्कै होइनन्। उमेरले आठ दशक पुग्न लागेका नेपाली कांग्रेस सभापति शेरबहादुर देउवा यसअघि पाँचपटक प्रधानमन्त्री भइसकेका छन्। सहमतिअनुसार केपी ओलीले प्रधानमन्त्री पद छाड्ने र आफू पुनः सो पदमा पुग्ने आशमा देउवा छन्। 'पुराना र परम्परावादी' भनिने दलमात्र होइनन्, नयाँ र आफूलाई 'क्रान्तिकारी' भन्न रुचाउने दलका नेतासमेत प्रधानमन्त्री र मन्त्रीपद हत्याउने दाउमा देखिन्छन्।

'नयाँ जनवादी व्यवस्था कायम गर्ने' भन्दै करिब ३० वर्षअघि १ फागुन २०५२ मा प्रचण्ड नेतृत्वको तत्कालीन नेकपा माओवादीले 'सशस्त्र विद्रोह' घोषणा गर्‍यो। यसक्रममा हजारौं बेपत्ता भए, सयौं अंगभंग भए। परिवर्तनको आशामा २८ चैत २०६४ मा सम्पन्न पहिलो संविधानसभा निर्वाचनमा नेपाली जनता माओवादीलाई पहिलो राजनीतिक शक्ति बनाउन लागिपरे, र बनाएर पनि छाडे। त्यसपछि सत्ताको स्वाद चाखेको 'क्रान्तिकारी' भनिएको पार्टीका नेताले आफ्ना सबै प्रतिबद्धता भुलेको देखिन्छ। सत्ताको निमित्त आफ्ना सिद्धान्त, उद्देश्य तथा विचारधारालाई समेत तिलाञ्जली दिएका छन्। उमेरले सात दशक पार गरेका तीन पटकसम्म प्रधानमन्त्री भइसकेका प्रचण्डले अझै 'आफू प्रधानमन्त्री हुनुपर्छ' भन्दै सार्वजनिक भाषण गर्न छाडेका छैनन्।

यसैगरी, 'पुराना राजनीतिक दलका कारण मुलुकमा बेथिति मौलाएको' भन्दै यसको निराकरणका लागि स्थापना भएको भनिएको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का नेताका क्रियाकलापसमेत उस्तै देखिएको छ। आफ्नो पार्टीलाई वैकल्पित राजनीतिक दलका रूपमा उभ्याउने भनेका उनीहरूसमेत सत्ताको लोभमा सिद्धान्त र उद्देश्य बिर्सिएका देखिन्छन्। यसको गतिलो उदाहरण रास्वपाका सभापति रवि लामिछानेको गृह मन्त्रालयको मोहलाई लिन सकिन्छ।

नेपालको पहिलो महिला राष्ट्रपति बनेर इतिहास बनाएकी विद्यादेवी भण्डारीले आफ्नो कार्यकाल सकिएपछि 'राजनीतिमा फर्कने' घोषणा गरेकी छन्। मुलुकको अभिभावकजस्तो गरिमामय पदमा दुई कार्यकाल बिताएकी उनी पुनः एउटा राजनीतिक दलको विचार बोकेर अगाडि बढ्ने निर्णयले नेपाली राजनीतिक दलका नेताको 'सत्तामोह' छर्लंग पारेको छ। यसअघि पूर्वउपराष्ट्रपति नन्दबहादुर पुन पनि नेकपा माओवादीको राजनीतिमा फर्किएका थिए। यतिमात्र होइन, विभिन्न राजनीतिक दलका नेता पटकपटक मन्त्री हुँदासमेत यसकै पछाडि लागिपरेका देखिन्छन्।

राजनीतिमा मात्रै पाँच दशक बिताएका लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)का नेता शरतसिंह भण्डारी दर्जनभन्दा बढीपटक मन्त्री भइसकेका छन्। वर्तमान सरकारमा समेत उनी श्रममन्त्री छन्। यस्तै, विजयकुमार गच्छदार दसपटकभन्दा बढी मन्त्री भए। रामशरण महत आठपटक, खुमबहादुर खड्का र कमल थापा सातपटक, प्रकाशमान सिंह, विष्णु पौडेल, महन्थ ठाकुर ६ पटक, वर्षमान पुन, शक्तिबहादुर बस्नेत, हिसिला यमी, मातृका यादव, प्रकाशशरण महत तीनपटकभन्दा बढी मन्त्री भइसकेका छन्। तथापि, कतिपय अझै पनि फेरि मन्त्री हुने आशामा दौडधुप गरिरहेका देखिन्छन्। यी नेता 'मन्त्री' बन्नकै लागि मन्त्री भए वा मुलुकलाई 'केही योगदान पनि गरे' भन्ने प्रश्नको जवाफ भने अहिलेसम्म भेटिएको छैन।

मुलुकमा 'दिगो शान्ति, सुशासन, विकास र समृद्धि'का लागि भन्दै भएका जनआदोलनले व्यवस्था परिवर्तन भए पनि आमजनताको अवस्थामा भने परिवर्तन हुन सकेको छैन। राजनीतिक दल सत्तालिप्सामा लागेर गठबन्धन बनाउने र पल्टाउने खेलमा व्यस्त हुँदा आमजनताका समस्या ओझेलमा परेका छन्। गरिबी, बेरोजगारी, आर्थिक असमानताजस्ता समस्या सम्बोधन हुन सकेका छैनन् भने स्वास्थ्य, शिक्षा, खानेपानीजस्ता आधारभूत आवश्यकतामा सहज पहुँच पुग्न सकेको छैन। 'जनताका समस्या समाधान गर्ने' भन्दै फरक राजनीतिक मान्यता, सिद्धान्त तथा विचार बोकेका यी राजनीतिक दलका नेतृत्व सत्तामा पुग्नका लागि भने सबै एकमत भएका देखिन्छन्। सत्तामा पुग्नकै लागि कुनै सिद्धान्त, विचार, धारणा तथा उद्देश्य मिल्नुनपर्ने मात्र स्वार्थ मिले पुग्ने रहेछ। नेताका ध्यान सरकार बनाउने र ढलाउने खेलमै केन्द्रित हुँदा मुलुकमा आर्थिक, सामाजिक एवं राजनीतिक समस्या दिनप्रतिदिन बढ्दै गएका छन्।

मुलुकको सत्ताको बागडोर सम्हालेका राजनीतिक दलका नेतामात्र होइन, राष्ट्रसेवक कर्मचारीमा समेत पद लोलुपता र स्वार्थीपन हावी देखिन्छ। अहिले चर्चामा रहेको 'कुलिङ पिरियड' यसको गतिलो उदाहरण बनेको छ। विशेषगरी उच्चपदस्थ कर्मचारी सेवानिवृत्त हुनेबित्तिकै राजदूत, संवैधानिक आयोगका प्रमुख वा अन्य राजनीतिक पदमा नियुक्त हुने प्रवृत्ति छ। यसलाई रोक्ने उद्देश्यले ल्याइएको दुई वर्षे 'कुलिङ पिरियड' प्रावधानमा समेत जालझेल भएको छ। भर्खरै प्रतिनिधिसभाबाट पारित 'संघीय निजामती विधेयक'मा 'कुलिङ पिरियड' व्यवस्था नै खण्डित हुनेगरी प्रावधान राखिएको खुलेपछि यसले तरंग पैदा गरेको छ। प्रतिनिधिसभाले गत १५ असारमा पारित गरेको निजामती विधेयकको दफा ८२ को उपदफा ५ (क)मा रहेको व्यवस्थाले 'कुलिङ पिरियड' व्यवस्था कमजोर बनाएको छ।

संघीय निजामती सेवाको राजपत्रांकित विशिष्ट वा प्रथम श्रेणीको पदबाट सेवा निवृत्त व्यक्तिले 'सेवा निवृत्त भएको मितिले दुई वर्षसम्म देहायका काम गर्नु हुँदैन भन्ने प्रावधानको (क)मा संवैधानिक वा कूटनीतिक नियुक्ति तथा नेपाल सरकारले गर्ने अन्य कुनै नियुक्ति बाहेकको पदमा नियुक्ति लिन नहुने' भनिएको छ। यहाँ 'बाहेक'को भन्ने शब्दले दोहोरो अर्थ लाग्ने देखिन्छ। यसमा उच्चपदस्थ कर्मचारीको हस्तक्षेप छर्लंग देखिन्छ। उमेर रहँदासम्म सरकारी सेवा सुविधा उपभोग गर्ने र सेवानिवृत्तिपछि पनि यस्तै सुविधाप्रति लालायित हुँदा निजामति सेवाको काम, कर्तव्य र निष्पक्षतामाथि नै प्रश्न उठ्ने गरेको छ। राजनीतिक दलका नेता एवं निजामती कर्मचारीमा पदको लोलुपतामात्र नभई धनको लोभले समेत गाजेको देखिन्छ। पछिल्लो समय देखिएका अधिकांश भ्रष्टाचार मुद्दामा यिनै व्यक्ति मुछिएका छन्। आफूलाई सुम्पिएको आधिकार वा शक्तिलाई आफ्नो निहित स्वार्थ र व्यक्तिगत हितका लागि दुरुपयोग गर्दै मनग्य कमाउने दाउमा लाग्नेमध्ये नेता र कर्मचारी अग्रपंक्तिमा देखिन्छन्।

मुलुकमा चर्चामा रहेका भ्रष्टाचारका ठुलाठुला काण्डमा यिनै मुछिएका छन्। लाउडा काण्ड, धमिजा काण्ड, चेज एयर काण्ड, एयरबस काण्ड, सुडान घोटला काण्ड, वाइडबडी खरिद काण्ड हु"दै अहिले सुनिएका शरणार्थी काण्ड, सुनकाण्ड, सहकारी काण्ड, गिरीबन्धु काण्ड र पतञ्जलि प्रकरण केही प्रतिनिधि उदाहरण बनेका छन्। यी काण्डमा पूर्वप्रधानमन्त्री, मन्त्री, मुख्यमन्त्री, मुख्य सचिव, पूर्वसचिव र सहसचिवसमेत संलग्न देखिएका छन्।

मुलुकको शासनसत्ताको बागडोर सम्हालेका राजनीतिक नेतामा देखिएको गैरजिम्मेवारीपनले सबैतिर वितृष्णा फैलाएको छ। त्यसमाथि राष्ट्रसेवक कर्मचारीले आफ्नो नैतिकता बिर्सिंदा सरकारका प्रमुख तीन अंग कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकासमेत कमजोर बन्दै गएका छन्। यस्तो अवस्थमा मुलुकको आर्थिक समृद्धि सपना पूरा हुने देखिंदैन। जबसम्म स्वार्थी, लोभी र दिशाहीन राजनीतिक नेतृत्व र लालची कर्मचारीले मुलुकका प्रमुख निकायमा प्रभाव जमाई राख्नेछन्, तबसम्म कुनै आशा गर्ने ठाउँ देखिंदैन। यसैकारण अहिलेसम्म नेता र कर्मचारीले विभिन्न क्षेत्रमा स्थापना गरेका बेथिति जरैदेखि निर्मुल नपारेसम्म मुलुकमा शान्ति र समृद्धि आशा गर्न सकिंदैन। यसका लागि शासनसत्ताको बागडोर असक्षम, भ्रष्ट, स्वार्थी, दुराचारी तथा लालची नेतृत्वको हातबाट खोस्नुपर्ने र देशका जागरुक युवा एकजुट भएर अघि बढ्नुपर्ने समय आएको छ। राजधानीबाट

# नेप्से परिसूचकमा ३१ अङ्कको सुधार

काठमाडौं। आगामी आर्थिक वर्ष २०८२/०८३ को मौद्रिक नीति सार्वजनिक भएपछिको कारोबारको पहिलो दिन आइतबार नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा उल्लेख्य सुधार देखिएको छ। बैंक र लघुवित्त कम्पनीहरुको शेयरमा लगानीकर्ताको चासो देखिएको छ।

नेप्से परिसूचक २९ अङ्कले बढेर दुई हजार ७६० दशमलव ८० बिन्दुमा कायम भएको छ। कारोबारमा ३११ कम्पनीको तीन करोड २५ लाख ९२ हजार ३० कित्ता शेयर एक लाख पाँच हजार ४१५ पटक खरिदबिक्री हुँदा रु ११ अर्ब ४१ करोड ६४ लाख २८ हजार ४६७ बराबरको कारोबार भएको छ।

सबैभन्दा धेरै बैंकिङ समूह तीन दशमलव ३७ र लघुवित्त समूह तीन दशमलव ५० प्रतिशतले बढेको छ। त्यस्तै, विकास बैंक एक दशमलव ४७, वित्त एक दशमलव ८७, होटल तथा पर्यटन शून्य दशमलव ४८, जीवन बीमा शून्य दशमलव ०२, उत्पादन तथा प्रशोधन शून्य दशमलव ३१ र म्युचुअल फन्ड एक दशमलव ०८ प्रतिशतले बढेको छ। अरु सबै समूहको उपसूचक घटेको छ। जलविद्युत् शून्य दशमलव ८३, लगानी शून्य दशमलव ०८, निर्जीवन बिमा शून्य दशमलव ३४, व्यापार शून्य दशमलव २६ र अन्य समूह शून्य दशमलव २७ प्रतिशतले घटेको छ। एनआईसी एसिया बैंक लिमिटेड र खानेपानी हाइड्रोपावर कम्पनी लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागको छ। सबैभन्दा धेरै घट्नेमा हिमालयन हाइड्रोपावरको शेयर मूल्य नौ दशमलव ९३ प्रतिशतले घटेको छ।

कारोबार रकमका आधारमा सबैभन्दा धेरै एनआइसी एसिया बैंक लिमिटेडको सबैभन्दा धेरै रु ३७ करोड १४ लाख ९९ हजार ३२ बराबरको कारोबार भएको भएको छ। कारोबार भएका शेयर संख्याका आधारमा भने सबैभन्दा धेरै सनराइज ब्लुचिप फन्डको २० लाख ५४ हजार चार सय कित्ता शेयर किनबेच भएको छ।

# प्री-डायबिटिज के हो, कसरी डायबिटिज हुन नदिने ?

प्री-डायबिटिज एक यस्तो अवस्था हो जहाँ रगतमा चिनीको मात्रा सामान्यभन्दा बढी हुन्छ, तर डायबिटिजको स्तरमा पुगिसकेको हुँदैन।

प्रायः कुनै स्पष्ट लक्षण नदेखिने भएकाले धेरैले थाहा नै नपाउने गर्छन्।

चिकित्सकका अनुसार, धेरै मानिसहरूलाई त केवल सामान्य स्वास्थ्य जाँच गर्दा मात्र प्री-डायबिटिज भएको पत्ता लाग्छ।

**किन हुन्छ प्री-डायबिटिज ?**

यसको जोखिम निम्न कारणले बढ्न सक्छः

**उमेर**

**जातीय पृष्ठभूमि**

शरीरको तौल (विशेषगरी पेट वरिपरि बढी बोसो)

**खानपान र जीवनशैली**

इन्सुलिन भन्ने हर्मोनले रगतको चिनी सन्तुलनमा राख्न मद्दत गर्छ। तर शरीरमा बोसो बढी हुँदा इन्सुलिनको प्रभाव कम हुन्छ, जसले गर्दा शरीरले अझ बढी इन्सुलिन बनाउने प्रयास गर्छ – जुन दीर्घकालीन रूपमा असरदार हुँदैन।

**प्री-डायबिटिज भएमा के गर्ने ?**

१. **तौल घटाउनुहोस् (झन्डै १० प्रतिशत)**

तपाईंको हालको तौलको करिब १० प्रतिशत घटाउन सकेमा, कलेजोमा जमेको बोसो हट्न सक्छ र डायबिटिजको जोखिम घट्न सक्छ, यो परिवर्तन धेरैका लागि पर्याप्त हुन्छ। उदाहरणः यदि तपाईंको तौल ७० किलो छ भने, ७ किलो घटाउँदा फाइदा हुन सक्छ।

२. **तौल घटाएपछि त्यसलाई कायम राख्नुहोस्**

छिटो वजन घटाउने डाइट लामो समयसम्म टिकाउन कठिन हुन्छ त्यसैलेः

शाकाहारी, भीगन, वा लो-कार्ब डाइट प्रयोग गर्न सकिन्छ।

कम ग्लाइसेमिक इन्डेक्स भएका खाना छनौट गर्नुहोस् (जस्तै साबुत अन्न, हरियो तरकारी)।

३. **यी खानेकुरा कम गर्नुहोस्:**

**चिनी भएका पेय पदार्थ**

**रातो तथा प्रोसेस्ड मासु**

रिफाइन्ड कार्बोहाइड्रेट (सेतो रोटी, मिठाइ, चिप्स)

**फ्रेन्च फ्राइलगायतका आलुजन्य खाना**

यी खाद्य वस्तुहरूले इन्सुलिन प्रतिरोध बढाउँछन् र तौल वृद्धि गराउँछन्।

४. **यी खानेकुरा बढाउनुहोस्**

फलफूल र हरियो तरकारी (अंगुर, स्याउ, पालुंगो)

साबुत अन्न (ब्राउन राइस, ओट्स, बाजरा)

**कम फ्याट दही र चीज**

**चिनी बिना चिया र कफी**

यी खानेकुरामा फाइबर बढी हुन्छ, जुन रगतमा चिनीको स्तर सन्तुलनमा राख्न मद्दत गर्छ।

डराउनु पर्दैन, सजक बन्नुहोस्

प्री-डायबिटिज पत्ता लाग्नु एक चेतावनी हो – यो मौका हो आफ्नो स्वास्थ्यमा सुधार ल्याउने।

यदि सबै डाइट परिवर्तन एकैपटक गर्न कठिन लागेः

सानो परिवर्तनबाट सुरु गर्नुहोस्।

दैनिक जीवनशैलीमा सुधार ल्याउनुहोस्

डाक्टर वा डायटिसियनसँग सल्लाह लिनुहोस्।

स्वास्थ्य खबरबाट

# क्यान्सरका बिरामीलाई औषधि निःशुल्क दिइने



काठमाडौँ । स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले क्यान्सर रोगको उपचारमा प्रयोग हुने अत्यावश्यक औषधि निःशुल्क उपलब्ध गराइने बताएका छन् ।

नेपालमा औषधि उपलब्ध नभएकाले उपचारका लागि विदेश जानुपर्ने बाध्यता हटाउन अन्तरराष्ट्रिय च्यारिटी डाइरेक्ट रिलिफले ३७ प्रकारका औषधि सहयोग गर्ने प्रतिबद्धता जनाएअनुसार पहिलो चरणको औषधि नेपाल ल्याइएको उनको भनाइ छ । यसअघि मन्त्री पौडेलले त्यस्ता औषधि प्राप्त गरेर सरकारी अस्पतालमा निःशुल्क उपलब्ध गराउने निर्णय गरेका थिए ।

डाइरेक्ट रिलिफले वन हर्ट वर्ल्डवाइड संस्थामार्फत् नेपाल सरकारलाई पठाएको सहयोग हस्तान्तरणका लागि आयोजित कार्यक्रममा मन्त्री पौडेलले औषधि अभावमा विदेश गएर महङ्गो खर्च गनुपर्ने बिरामीको बाध्यता हटाउन लामो मेहनतपछि सफलता प्राप्त भएको मन्त्री पौडेलको सचिवालयले जनाएको छ । डाइरेक्ट रिलिफले स्तन, छाला तथा विभिन्न खालका क्यान्सर उपचारमा आवश्यक पर्ने दुर्लभ र महङ्गा औषधी नेपालको आवश्यकताअनुसार पाँच वर्षसम्म सहयोग स्वरुप उपलब्ध गराउने मन्त्री पौडेलले जानकारी दिए ।

"क्यान्सरको औषधि महङ्गो हुँदा विपन्न नागरिकलाई समस्या छ", मन्त्री पौडेलले भने-"राज्यको लगानीबीना नै धेरै नागरिकलाई राहत दिने प्रयास गरेका हौं ।" हाल ३७ प्रकारका औषधि क्रमैसँग आउने भए पनि अन्य आवश्यक औषधि समेत सहयोगमा प्राप्त गर्न प्रयास गरिने मन्त्री पौडेलको भनाइ छ ।

मन्त्री पौडेलले सरकारी क्यान्सर अस्पतालमा तत्काल औषधी पठाउने व्यवस्था मिलाइएको समेत बताए । मन्त्री पौडेलले सरकारले दिने स्वास्थ्य सुविधा तथा बीमाबारे पर्याप्त जानकारी प्राप्त नहुँदा नागरिकले सेवा लिन नसकिरहेको प्रसङ्ग निकाल्दै सञ्चारमाध्यमलाई यस्ता जानकारी प्राथमिकताका साथ प्रसार गरेर सहयोग गरिदिन आग्रह गरे ।

मन्त्रालयको समन्वय महाशाखा प्रमुख डा. भीम सापकोटाले पाँच वर्षसम्म नेपालको आवश्यकताअनुसार औषधि प्राप्त गर्ने गरी समझदारी भएको जानकारी दिए । वन हर्ट वर्ल्डवाइडका नेपाल प्रतिनिधि सूर्य भट्टले मन्त्री पौडेलको विशेष पहलबाट मात्र औषधि प्राप्त भएको उल्लेख गर्दै नेपालका लागि ठूलो उपलब्धि भएको बताए ।

स्तन क्यान्सर, प्लाक सोरियासिस, अल्जाइमर आदि स्वास्थ्य समस्यामा प्रयोग हुने यी औषधि र स्वास्थ्य सामग्रीहरू भरतपुरस्थित बीपी कोइराला मेमोरियल क्यान्सर अस्पताल, भक्तपुरको भक्तपुर क्यान्सर अस्पताल, बाँकेस्थित सुशील कोइराला प्रखर क्यान्सर अस्पताल र काठमाडौँस्थित वीर अस्पताललाई हस्तान्तरण गरिएको मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले जानकारी दिए ।

# एनआरएनको सह–कोषाध्यक्षमा स्याङ्जाका मियाँको उमेदवारी

स्याङ्जा । वैदेशिक रोजगारीमा गएका नेपालीहरुलाई अहिले निर्वाचन माहोलले तताइरहेको छ । गैर आवासीय नेपाली संघमार्फत् नेतृत्वमा पुग्न नेपाली-नेपालीबिच निर्वाचन माहोलले तताएको हो । कमाउँदै गैर आवासीय नेपाली संघमार्फत् सामाजिक काममा उद्धत रहेका नेपाली युवाहरु निर्वाचनको माध्यमबाट नेतृत्वमा पुग्न अहिले मतदाता आफ्नो पक्षमा पार्न तातिरहेका छन् ।

यस्तै माहोलमा तातिरहेका स्याङ्जा वालिङका युवा नासिर मियाँ गैर आवसीय नेपाली संघ (NRNA) जापानको आगामी कार्यकालका लागि क्षेत्रीय सह–कोषाध्यक्ष पदमा उम्मेदवारी दिने घोषणा गरेका छन् । जापानमा रहेका नेपाली हुन् वा नेपालमा कुनै समस्या पर्दा सेवाभावका साथ सहयोगीको रुपमा जुटेका मियाँ लोप्रिय युवाका रुपमा परिचित छन् । हरेक समस्यामा सारथी बन्दै आएका मिया आगामी कार्यकाल (२०२५–२०२७) का लागि क्षेत्रिय सह–कोषाध्यक्ष पदमा उम्मेदवारी दिने घोषणा गरेका हुन् । उनले सन् २०२३-२०२५ को कार्यकालमा जापानको गुन्मा क्षेत्रीय समितिको संयोजकको रूपमा सफल नेतृत्व प्रदान गरेका थिए ।

संयोजक पदमा रहँदा मियाले जापानको गुन्मा क्षेत्रमा उल्लेखनीय सामाजिक कार्यहरू सञ्चालन गर्नुका साथै समुदायमा एकता, समन्वय र सहभागितालाई बलियो बनाउन महत्वपूर्ण भूमिका खेलेका थिए । विशेषगरी, मियाकै पहलमा सञ्चालन गरिएको सदस्यता विस्तार अभियान अत्यन्त सफल भएको र जसअन्तर्गत सदस्य संख्या पाँच गुणाले वृद्धि भएको मियाँका समर्थकहरुको भनाइ छ ।

मियाले उम्मेदवारी घोषणा गर्दै गैर आवसीय नेपाली संघ (NRNA) लाई अझै पारदर्शी, उत्तरदायी र क्षेत्रीय समिति अनुकुल बनाउने उद्देश्य रहेको बताएका छन् । सह-कोषाध्यक्षको भूमिका वित्तीय उत्तरदायित्वसँगै संस्थामा पारदर्शिता र विश्वास निर्माण गर्ने अवसर हुने मियाँले बताए । जापानको गुन्मा क्षेत्रमा मियाको लोकप्रियता, इमान्दार छवि र व्यवस्थापन क्षमताले (NRNA) जापानको आगामी कार्यकालमा सकारात्मक ऊर्जा, पारदर्शिता र समावेशिता थपिने अपेक्षा मियाँले गरेका छन् । विदेशी भूमिका रहेर पनि नेपाल र नेपालीको समस्यामा सदैव आवाज उठाउँदै आएका मियाँलाई गैर आवसीय नेपाली संघको नेतृत्वतहसम्म पुऱ्याउन सबैले सहयोग गर्न स्याङ्जावासीले आग्रह गरेका छन् ।

# जैमिनी बाढीः तीन सय रोपनी खेत बन्यो बगर



बागलुङ । जैमिनी नगरपालिका-४ निवासी डम्मरबहादुर सार्कीको जैमिनी नगरपालिका-१० सहेला फाँटमा रहेको नौ रोपनी धान लगाइएको खेत बाढी पसेर बगर बन्यो ।

भर्खरै रोपेको धानसहितको खेत बाढीका कारण सखाप भएपछि सार्कीको निद्रा छैन । खेतमा कालुङखोला पसेपछि खेत बगरमा परिणत भएको उनको भनाइ छ । असार २४ गते राति कालुङखोलाको जलविद्युत् बगाउने गरी आएको बाढीले भर्खर धान रोपेको खेत कटान गर्नुका साथै बगर बनेको सार्कीको भनाइ छ ।

सार्कीको मात्र होइन, कालुङखोला र ठेउलेखोलाको क्षेत्र नगरपालिका वडा नं. १०, वडा नं. ९ र वडा नं. ४ मा रहेको भर्खर धान लगाइएको खेत बगर बनेको हो । जैमिनी नगरपालिकाका अनुसार सबैभन्दा बढी क्षति जैमिनी नगरपालिका-९ पैयुथन्थापमा भएको छ । पैयुथन्थापमा मात्र एक सय ५० रोपनी धानखेत बगर बनेको जैमिनी नगरपालिका कृषि शाखा प्रमुख सुवास सापकोटाले जानकारी दिए । सापकोटाका अनुसार अहिले नगरपालिकाको कृषि प्राविधिक, इञ्जिनियर र जनप्रतिनिधिको सक्रियतामा तथ्याङ्क सङ्कलन भएको छ ।

उनले नगरपालिकाभर तीन सय रोपनी धान लगाइएको खेत बाढीले क्षति पुऱ्याएको अनुमान गरिएको बताउँदै अहिलेसम्म एक सय ५० रोपनी धानखेतको क्षति भएको तथ्याङ्क सङ्कलन गरिएको छ । अहिले जैमिनी नगरपालिका-९ मा मात्र एक सय ५० रोपनी खेतीयोग्य जग्गा बगरमा परिणत भएको र ५० रोपनी जग्गा पुनः खेतमा फर्काउनै नसक्ने गरी नदीले कटान गरेको सापकोटाले बताए ।

अविरल वर्षाका कारण असार २४ गते मङ्गलबार राति आएको बाढीले जैमिनी नगरपालिकाको कालुङखोला र ठेउलेखोला आसपासको धानखेत बगरमा परिणत गरेको र रु एक अर्बभन्दा बढीको क्षति पुऱ्याएको हो । कालुङखोलामा आएको बाढीले कालुङखोला जलविद्युत् आयोजनामा पूर्णरूपमा क्षति पुऱ्याएको छ ।

एउटा जलविद्युत्गृह बगाएको, झण्डै तीन सय रोपनी खेतमा क्षति पुऱ्याएको र नौवटा सिँचाइ कुलोमा क्षति पुऱ्याएको जैमिनी नगरपालिकाले जनाएको छ । जलविद्युत् आयोजना बाढीले बगाउँदा पैयुथन्थापका एक सय २२ परिवार अन्धकारमा बस्न बाध्य भएका छन् । जैमिनी नगरपालिकाले क्षतिको विवरण सङ्कलन गरिरहेको बताउँदै क्षतिको मूल्याङ्कनका आधारमा राहत दिने नगरप्रमुख नरबहादुर पुनले जानकारी दिए ।

"तत्कालका लागि धान रोप्न लाग्ने लागत किसानलाई दिनेगरी नगरपालिकाले तयारी गरेको छ, रोपनीका हिसाबले किसानलाई राहत दिने, कुलो मर्मत गर्ने कार्य तत्कालै गर्दछौँ", नगरप्रमुख पुनले भने-"किसानको खेतको क्षतिपूर्ति दिन त नगरपालिकाले नसक्ला तर यसपटक धान उब्जनीमा हुने गिरावटलाई ध्यानमा राखेर राहत दिने तयारीमा छौं, सिँचाइ कुलो मर्मतमा नगरपालिकाको ध्यान जान्छ ।"

# म्याद थप्दा समेत सम्पन्न भएन प्रशासकीय भवन

गलकोट । बागलुङको जैमिनी नगरपालिकाको प्रशासकीय अभिवन निर्माणमा ढिलाइ भएको छ । निर्माण व्यवसायीको लापरर्वाहीका कारण जैमिनी नगरपालिकाको प्रशासकीय भवन निर्माण थपिएको म्यादसमेतमा काम सम्पन्न नभएको हो । निर्माण व्यवसायीको ढिला सुस्तकीका कारण जैमिनी नगरपालिकाको सुविधा सम्पन्न प्रशासकीय भवन निर्माण समयमै नसकिएको हो ।

विसं २०७८ माघ २१ गते तीन वर्षमा सक्नेगरी सम्झौता भए पनि सम्झौता मिति सकिएर पुनः छ महिनालाई थपिएको म्यादमा समेत काम सम्पन्न नभएको जैनिमी नगरपालिकाले जनाएको छ । माघमा सकिएको म्याद छ महिनालाई थपेर असार १७ गतेसम्म पुऱ्याइएको थियो । छ महिना म्याद थप्दासमेत भवनको प्रगति जम्मा ७० प्रतिशत भएको छ । भवनको साढे चार तला ढलान सकिएर इटालगाइरहेको भवनमा मुस्किलले एक दर्जनमात्रै कामदार खटिएको जैमिनी नगरपालिकाका इन्जिनियर विवेक सापकोटाले जानकारी दिए ।

निर्माण व्यवसायीलाई जैमिनी नगरपालिकाले पटक-पटक समयमै काम सक्न दबाब दिए पनि कामको प्रगति जम्मा ७० पुग्नु लज्जास्पत भएको जैमिनी नगरपालिकाका नगरप्रमुख नरबहादुर पुनले बताए ।

"तीन वर्षमा ५५ प्रतिशत काम भएको थियो छ महिनाभित्र सक्नेगरी म्याद थपेका थियो, तर प्रगति कछुवा गतिमा छ, थपिएको म्यादसमेत सकिदा जम्मा ७० प्रतिशत प्रगति भएको छ, पर्खालसहित अन्य पूर्वाधारको काम बाँकी रहेको छ" पुनले भने-"निर्माण व्यवसायीले छ महिनाभित्र काम सक्ने प्रतिबद्धता जनाएपछि थपिएको म्यादमा जम्मा १५ प्रतिशत प्रगति भएकाले नगरपालिकाको कार्यपालिकामा लैजाने तयारी गरेका छौँ, कार्यपालिकाले जे भन्छ त्यहीअनुसार अघि बढिन्छ ।" यही गतिमा काम भइरहे अबको दुई वर्षमा समेत भवन निर्माण नसकिने पुनको भनाइ छ ।

समयमै काम सकेमा पालिकाले भाडा तिरेर अरुको घरमा बस्नु नपर्ने बतउँदै ठेकेदारले कछुवा गतिमा काम गर्दा समस्या भएको उनको भनाइ छ । साढे चार तलाको भवन ढलान भएर पर्खाल लगाउने काम चलेपछि ठूलो भवनमा कछुवा गतिमा काम भएको छ । अन्य पर्खाल, झ्याल ढोका, लिफ्ट, विद्युत्, खानेपानी, रङ रोगन तथा डेकोरेशनको काम पुरै बाँकी रहेको छ । सम्झौता सकिएपछि निर्माण व्यवसायीले म्याद थपका लागि समेत निवेदन नदिएको नगरपालिकाका इन्जिनियर विवेक सापकोटाले जनाए ।

नगरपालिकाको विद्युतीय भऱ्याङसहित साढे चार तलाको प्रमुख प्रशासकीय भवन निर्माणका लागि रविना/प्राकृतिक/जुगल जेभीसँग रु आठ करोड १७ लाख ६५ हजारमा ठेक्का सम्झौता भएको थियो । २

०८१ पौष १५ मा निर्माण सक्नेगरी भएको ठेक्का सम्झौताअनुसार काम नहुँदा निर्माणमा ढिलाइ भएको हो । रविना/प्राकृतिक/जुगल जेभीका आधिकारिक प्रतिनिधि नरेश ओझाले निर्माण सामग्रीको ढुवानीले समस्या भएकाले काममा ढिलाइ भएको बताए । समयमै भुक्तानी अभवामा काममा समस्या भएको उनको भनाइ छ ।

जैमिनी नगरपालिकाको केन्द्र कुश्मीशेराका स्थानीयले निःशुल्क दिएको आठ रोपनी जग्गामा नगरपालिका र प्रदेश सरकारको लगानीमा प्रशासकीय भवन निर्माण गर्न हो । साढे चार तलामा ४२ कोठा रहेको भवनमा विद्युतीय भऱ्याङसहित सुविधा सम्पन्नको हुनेछ । नगरपालिकाको विषयगत शाखासमेत अट्नेगरी भवन निर्माण थालिएको हो ।

अहिले नगरपालिकाले चारवटा घर भाडामा लिएर नगरपालिकाको सेवा दिइराखेको छ । आफ्नै भवन निर्माण भए नगरपालिकाको भाडा वापतको ठूलो रकम बचत हुने छ ।

**राप्रपाबाट...**

रुपन्देही-३ मा १ लाख ३९ हजार ७६४ मतदाता छन् । यो क्षेत्रमा नेपाल-भारत सीमा क्षेत्र बेलहिया नाकादेखि बुटवल उपमहानगरको वडा नम्बर १४ देखि १९, शुद्धोधन गाउँपालिका र सिद्धार्थनगर नगरपालिकाका सबै वडा, सियारी गाउँपालिकाको वडा नं. १ देखि ३, ६ र ७, ओमसतिया गाउँपालिकाको वडा नं. २, मायादेवी गाउँपालिकाको वडा नं. ७ र ८, तिलोत्तमा नगरपालिकाको वडा नं. १३ र १४ र बुटवल उप-महानगरपालिकाको वडा नं. १४ देखि १९ वडा समेटिएको छ ।

२०४८ सालमा कांग्रेसका रामकृष्ण ताम्राकारले चुनाव जितेको यहाँ ०५१ मा एमालेका धनपति उपाध्यायले जितेका थिए । उपाध्यायको निधनपछि रिक्त रहेको सो क्षेत्रमा उपचुनाव हुँदा २०५२ मा एमालेकै घनश्याम भुसालले जिते । २०५६ सालमा फेरि कांग्रेसका ताम्राकारले जिते भने २०६४ सालमा क्षेत्र पुनर्संरचना भएपछि बालकृष्ण खाँण निर्वाचित भए । २०७० सालमा पुरानै निर्वाचन क्षेत्र हुँदा दीपक बोहरा राप्रपाबाट विजयी भएका थिए । २०७४ मा नयाँ भूगोल समेटेर क्षेत्र नं. ३ बनेपछि एमालेका घनश्याम भुसाल र २०७९ मा पुनः राप्रपाका दिपक बोहरा एमालेको समर्थनमा विजयी भएका थिए ।

२०७४ सालमा नेपाली कांग्रेसले दीपक बोहरालाई उम्मेदवार बनाएर बालकृष्ण खाँणलाई समानुपातिक सांसद बनाएको थियो । तर, एमालेका तर्फबाट घनश्याम भुसालले ३२ हजार ८६६ मत ल्याएर जिते । बोहराले २७ हजार ४२२ मत ल्याएका थिए । त्यतिबेला एमाले र माओवादी केन्द्र मिलेर चुनाव लडेका थिए ।

**पूर्व...**

सोही वडाको करहिया सामुदायिक वनमा कांग्रेस नगर सभापति हरिलाल पाण्डे अध्यक्ष र एमालेबाट उपाध्यक्ष छन् । प्रमुख प्रतिस्पर्धी दुई दलबिचको भागबण्डा गरेर अन्य दललाई बाइपास गरेर संघसंस्थामा दुई दल मात्रै हावी भइरहेको विषयलाई नरुचाएका मतदाताले केही महिना अघि भएको शंकरनगर खोपानी संस्थाको चुनावमा पनि दुई दलको आधिकारिक उम्मेदवारले हारेका थिए भने बागी उम्मेदवारले जितेका थिए । शंकरनगरवनविहार तथा अनुसन्धान केन्द्रको चुनावमा पनि कांग्रेस र एमालेका बलियो गठबन्धनलाई पराजित गर्दै नेत्रविक्रम चन्द विप्लव निकट स्वतन्त्र उम्मेदवार खिमलाल पाण्डेले जितेका थिए । उक्त चुनावमा एमाले नेताहरु लिला गिरी, संघीय सांसद बासुदेव घिमिरे मतदाता थिए ।


## सूची दर्ताको लागि दरखास्त आव्हान सम्बन्धी सूचना

प्रकाशित मितिः २०८२/०३/३०

यस भैरहवा बहुमुखी क्याम्पसको आ.व. २०८२/०८३ का लागि आवश्यक पर्ने समान तथा सेवाहरू पटक-पटक गरी खरिद गर्नुपर्ने तथा सेवा लिनुपर्ने भएकाले इच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीहरूले सार्वजनिक खरिद नियमावली २०६४ को नियम १८ बमोजिम इच्छुक इजाजत प्राप्त संस्था व्यक्ति फर्म, सप्लायर्स कम्पनीले मौजुदा सूची (Stannding List) तयार गरी सूचिकृत गर्नुपर्ने भएकाले खरिद तथा सेवा सम्बन्धी आफूले गर्ने कार्यहरूको छुटाछुट्टै विवरण तयार गरी तपसिलमा उल्लेखित कागजातहरू सहित १५ दिनभित्र यस क्याम्पसको प्रशासन शाखामा कार्यालय समयभित्र सूची दर्ता गर्न हुन सूचित गरिन्छ ।

**दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरू**

१. फर्म वा कम्पनी दर्ताको प्रमाणपत्रको फोटोकपी
२. स्थायी लेखा नम्बर (PAN) तथा मूल्य अभिवृद्धि कर (VAT) प्रमाणको फोटोकपी
३. आ.व. ०८०/०८१ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि

**तपसिल**

१. स्टेसनरी तथा मसलन्द सम्बन्धी सामानहरू
२. छपाई सम्बन्धी सामानहरू
३. रंगरोगन, मर्मत संभार तथा निर्माण सम्बन्धी सामानहरू
४. विभिन्न विद्युतीय तथा इलेक्ट्रोनिक्स सम्बन्धी सामानहरू
५. फर्निचर्स तथा फर्निसिङ सम्बन्धी सामानहरू
६. सेनेटरी तथा हार्डवेयर सम्बन्धी सामानहरू
७. खेलकुद सम्बन्धी सामानहरू
८. कम्प्युटर, कम्प्युटर पार्टस् तथा प्रिन्टर सम्बन्धी सामानहरू
९. पठ्यपुस्तक सामग्रीहरू
१०. विज्ञान प्रयोगशाला सम्बन्धी सामानहरू
११. प्राविधिक (इन्जीनियरीङ) परामर्स सेवा सम्बन्धी कार्यहरू
१२. आल्मुनियम तथा ग्रिल सम्बन्धी सामानहरू
१३. सवारी साधन पार्टपुर्जा तथा इन्धन आपूर्ति सम्बन्धी सामानहरू

**लक्कीप्रसाद जोशी**
**क्याम्पस प्रमुख**

**भैरहवा बहुमुखी क्याम्पस**
सिद्धार्थनगर, भैरहवा



**Lumbini Province Government**
**Ministry of Physical Infrastructure Development**
**Transport Infrastructure Directorate**
**Road Infrastructure Development Office**
**Palpa**

## Invitation for Electronic Bids

**Invitation for Bid no: 10/2081/082**

**First date of publication: 14th July, 2025 (30th Asar, 2082)**

Road Infrastructure Development Office (RIDO), Palpa invites Open Competitive Bids from eligible bidders under PPMO's e-GP system www.bolpatra.gov.np/egp for following work under NCB system. All other information and Bid Document can be downloaded from PPMO's e-GP system www.bolpatra.gov.np/egp.

| S.N. | Name of Project | Contract Identification | Estimate Amount (excluding VAT with PS (NRs.)) | Bid Document Cost (NRs.) | Bid Security Amount (NRs.) | Date of Bid Opening |
|---|---|---|---|---|---|---|
| 1 | Upgrading of Humin Debinagar Jalpa Bahadurpur Road, Rambha, Purbakhola, Mathagadi Palpa | RIDO-PAL-W-NCB-127-2081/082 | | 5,000.00 | 18,50,000.00 | 2082-04-29, 13:00 (Technical Bid Opening) |
| 2 | Upgrading of Ratmata Kathan Gaitar Pyakluk Pakkipul Joining Road, Palpa | RIDO-PAL-W-NCB-128-2081/082 | | 5,000.00 | 11,40,000.00 | 2082-04-29, 13:00 (Technical Bid Opening) |
| 3 | Dobhan Nuwakot Belbash Sadak ( Siddhababa Baikalpik Marg) | RIDO-PAL-W-NCB-129-2081/082 | | 5,000.00 | 9,30,000.00 | 2082-04-29, 13:00 (Technical Bid Opening) |
| 4 | Upgrading of Ghaighat Kallabari Takichour Ranimahal Syangja Jodne Sadak Kalopatre, Palpa | RIDO-PAL-W-NCB-130-2081/082 | | 5,000.00 | 9,30,000.00 | 2082-04-29, 13:00 (Technical Bid Opening) |
| 5 | Upgrading of Amalbas-Dhajabadhane Mukhya Sadak Kalopatre Yojana, Rainadebi Chhahara-Ga. Pa., Palpa | RIDO-PAL-W-NCB-131-2081/082 | | 5,000.00 | 6,00,000.00 | 2082-04-29, 13:00 (Technical Bid Opening) |
| 6 | Rampur 1 ra 2 Jodne Siude khola Sadak Pul | RIDO-PAL-W-NCB-132-2081/082 | | 5,000.00 | 7,60,000.00 | 2082-04-29, 13:00 (Technical Bid Opening) |
| 7 | Lalpati Khad Thatiya Culvert Nirman Bagnaskali Ga. Pa.-02, Palpa | RIDO-PAL-W-NCB-133-2081/082 | 1,20,73,828.04 | 3,000.00 | 3,10,000.00 | 2082-04-29, 13:00 |
| 8 | Brindadan Dekhi Bagaicha Jodne Motorable Pul Nirman Tansen-10, Palpa | RIDO-PAL-W-NCB-134-2081/082 | 1,10,48,980.90 | 3,000.00 | 2,80,000.00 | 2082-04-29, 13:00 |
| 9 | Shree Baghjuri Pakki Pul Nirman | RIDO-PAL-W-NCB-135-2081/082 | 1,16,53,604.72 | 3,000.00 | 3,00,000.00 | 2082-04-29, 13:00 |

**Office Chief**



**ट्वाइलेट सफा गराउनुहोस्**

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्को बेला पनि सेवा दिइने छ ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

**ट्वाइलेट सफा गराउनुहोस्**

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

**ट्वाइलेट सफा गराउनुहोस्**

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297



**निर्माण भएको बेलिब्रिजः**
डोल्पाको सदरमुकाम दुनैस्थित भेरी नदीमा निर्माण भएको बेलिब्रिज । पूर्वाधार विकास कार्यालय, डोल्पाले चार करोड १७ लाख ७० हजार ५९० मा आरआइडीए आरसी नेपाल प्रालिसँग २०८१ असार १६ गते सम्झौता गरेर २०८३ असार १५ गते निर्माण कार्य पूरा गर्ने गरी लक्ष्य लिएको हो । तस्विरः हेमन्त केसी रासस

# कृषि मेसिनमा अनुदान, कुन प्रदेशमा कति ?




बुटवल । प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाले एक अर्ब २३ करोड ५४ लाख रुपैयाँ कृषि मेसिनरीमा अनुदान दिएको छ । कृषिमा आधारित अर्थतन्त्रबाट कृषिजन्य उद्योगमा रुपान्तरित कृषि क्षेत्रको विकास गर्ने उद्देश्यले नौ वर्षअघि स्थापना भएको परियोजनाले देशभर कृषि मेसिन, औजार तथा उपकरणमा किसान तथा उद्यमीलाई सो रकम अनुदान दिएको हो ।

कृषिमा यान्त्रिकरण गर्ने उद्देश्यले देशभर रहेका ४८ वटा परियोजना कार्यान्वयन एकाइबाट सञ्चालित २ सय ६ वटा जोन र २१ वटा सुपरजोनमार्फत् कृषिका मेसिनरी औजार तथा उपकरण किसानलाई उपलब्ध गराइएको परियोजनाका वरिष्ठ कृषि इञ्जिनियर डा.जित चन्दले जानकारी दिए ।

उनका अनुसार, जोन तथा सुपरजोनमार्फत् किसानलाई करिब ६० हजार रुपैयाँ बराबरका कृषि मेसिन, औजार र उपकरण वितरण गरिएको छ । यो अनुदान मल्चिङलगायतका क्षेत्र बाहेकको हो । किसानलाई ५० देखि ८० प्रतिशत अनुदानमा कृषि कृषि मेसिनरी उपलब्ध गराइएको उनले जानकारी दिए । कृषिका मेसिनरी सामग्रीमा ट्याक्टर, हाते ट्याक्टर, पावर टिलर, धान रोप्ने मेसिन, हार्भेस्टर, थ्रेसर, राइस प्लान्टलगायतका मेसिनरी औजार तथा उपकरणमा परियोजनाले अनुदान दिएको उनले बताए ।

'कृषिमा कृषि शक्ति र मेसिनरीको प्रयोग बढाउन परियोजनाले जमिन, श्रम, स्रोत साधान र बाली उत्पादकत्व बढाउनु रहेको छ', उनले भने-'नौ वर्षको अवधिमा हामीले ६० हजारको हाराहारीमा कृषि औजारहरु वितरण गरेका छौं ।'

यो अवधिमा परियोजनाले सबैभन्दा बढी कोशी प्रदेशमा कृषि मेसिनरी औजार वितरण गरेको छ । यस प्रदेशमा २६ करोड ६० लाख रुपैयाँ बराबरका कृषि मेसिनरी वितरण गरिएको चन्दले जानकारी दिए । त्यसपछि क्रमशः लुम्बिनी प्रदेशमा २५ करोड १२ लाख, मधेस प्रदेशमा २३ करोड ७४ लाख, बाग्मती प्रदेशमा १७ करोड २१ लाख, गण्डकी प्रदेशमा १२ करोड ३० लाख, सुदूरपश्चिम प्रदेशमा १२ करोड २५ लाख र कर्णाली प्रदेशमा सबैभन्दा थोरै ६ करोड ३१ लख रुपैयाँ कृषि मेसिनरी खरिदका लागि रकम उपलब्ध गराइएको हो ।

नेपालमा कृषिका मेसिनरी सामाग्रीको आयात समेत बढ्दो अवस्थामा रहेको छ । भन्सार विभागका अनुसार चालु आर्थिक वर्षमा १२ अर्बका कृषि मेसिनरी सामाग्री नेपालमा भित्रिएको छ । त्यसमध्ये सरकारले एक अर्ब रुपैयाँ अनुदान दिएको उनले बताए । नेपालमा वार्षिक दश हजार ट्याक्टर आयात हुने गरेको छ । आयातित ट्याक्टरमध्ये ४० प्रतिशत कृषि क्षेत्रमा प्रयोग हुने उनको भनाइ छ ।

बाली र माछामा यान्त्रीकरणको नविनतम प्रयोग भइरहेको समेत उनले बताए । 'कृषिमा राम्रा परिवर्तन भएका छन् । हामी धान, गहुँ र मकैमा पूर्ण रुपमा मेकानाइजेशनमा पुगेका छौँ', चन्दले भने-'कृषिमा आधारित अर्थतन्त्रबाट कृषिजन्य उद्योगमा रुपान्तरण गर्नका लागि यान्त्रीकरणमा जोड दिनुपर्दछ ।'

नेपालमा शून्य दशमलव ८ प्रतिशत क्षेत्रमा कृषि यान्त्रीकरणको प्रयोग हुँदै आएको छ । परियोजना लागु भएको क्षेत्र हेर्दा १ दशमलव ७५ रहेको उनले बताए । भारत २ दशमलव ५ प्रतिशतमा रहेको छ ।

पानी, बीउ, मल, समय, जनशक्ति तथा लागत बचाउनका लागि पनि सरकारले कृषि यान्त्रिकरणमा जोड दिनुपर्ने उनले बताए । उनका अनुसार, कृषि यान्त्रीकरणबाट पानी, बिउ र मलमा १५ देखि २० प्रतिशत, समय बचत २० देखि ५०, समग्र कृषि उत्पादकत्वमा १० देखि १५ प्रतिशत वृद्धि हुन्छ । यस्तै शारीरिक श्रममा २० देखि ३०, इनपुट उत्पादन लागतमा १० देखि ६० सम्म कमी आउने छ ।

नेपालमा सन् १९२४ सालमा कष्ण बी थापाले एकल सिलिन्डर ट्याक्टर आयात गरेर कृषिमा यान्त्रीकरणको विकास गरेका थिए । १९६४ सालमा वीरगञ्जमा कृषि उपकरण कारखाना स्थापना भएपछि नेपालले कृषि क्षेत्रमा ठुलो फड्को मारेको थियो । यहाँका कृषि सामाग्री भारतले समेत निर्यात गर्दथ्यो । तर अहिले नेपालमा ९० प्रतिशत कृषि सामाग्री आयात गर्नु परेको उनले बताए ।

अहिले कृषिलाई यान्त्रीकरणमा लैजानका लागि कृषि यान्त्रीकरण प्रवर्द्धन नीति २०७१ समेत बनेको छ । तर, भन्सार नीतिका कारण किसानहरु समस्यामा पर्दै आएको परियोजनाका निर्देशक हिक्मतकुमार श्रेष्ठले बताए । 'सरकारले तयारी वस्तुमा कर छुट दिएको छ । तर कच्चा पदार्थ जन्य वस्तुमा चर्को कर लगाउँदा किसान तथा उद्योगीहरु समस्यामा छन्', उनले भने -'कृषिजन्य वस्तुमा निर्यातमा सरकारले पूर्णरुपमा छुट दिनुपर्दछ ।' श्रेष्ठले परियोजनाले कृषिमा आगामी दिनमा नविमतम प्रविधिहरुको प्रयोग गर्ने बताएका छन् । 'किसानलाई मल, बिउ, सिँचाइ र प्रविधि उपलब्ध गराउने हो भने अरु चाहिँदैन,' परियोजना निर्देशक श्रेष्ठले भने-'आगामी दिनमा रोर्बट टेक्नोलोजीसमेत भित्र्याउने गरी काम गर्नुपर्दछ ।'

नेपालमा संघ, प्रदेश र स्थानीय तहबाट पनि कृषि यान्त्रिकरणमा काम भइरहेको छ । बागमती प्रदेश सरकारले पनि कृषि यान्त्रीकरणमा गत वर्ष २ करोड ८५ रुपैयाँ बजेट विनियोजन गरेको बागमती प्रदेशका कृषि तथा पशुपन्छि निर्देशनालयका निर्देशक सुधिर श्रेष्ठले बताए । 'हामीले स्वदेशी उद्योगबाट उत्पादित कृषि औजार र प्रविधिमा प्रोत्साहन कार्यक्रम मार्फत् बागमती प्रदेशका कृषि उद्योगलाई ५० लाख रुपैयाँसम्म अनुदान दिने कार्यक्रम राखेका छौँ,' उनले भने-'विदेशी वस्तुसँग नेपालले प्रतिस्पर्धा गरी कृषि क्षेत्रको विस्तार गर्नुपर्दछ ।'

कृषि तथा वन विज्ञान विश्वविद्यालयका डिन अर्जुनकुमार श्रेष्ठले लागत घटाउन विश्वमा विकास भएका प्रविधिका बारेमा किसानलाई जानकारी दिनुपर्ने बताए । 'हाम्रो विश्वविद्यालयबाट वर्षमा सयभन्दा बढी अनुसन्धान हुन्छन् । त्यो किसानसम्म पुर्याउन सकिएको छैन,' उनले भने-'नविनतम प्रविधि किसान समक्ष पुऱ्याउनु पर्दछ ।'

# एम्नेस्टी बुटवलको संयोजकमा भण्डारी




बुटवल । एम्नेस्टी इन्टरनेशनल नेपाल समूह-१२ बुटवलमा नयाँ कार्यसमिति चयन गरिएको छ । शनिबार बुटवलमा भएको परिषद् बैठकले अधिवक्ता खडानन्द भण्डारीको संयोजकत्वमा सर्वसम्मत नयाँ कार्यसमिति चयन गरिएको हो ।

नवनिर्वाचित कार्यसमितिको सह-संयोजकमा हरिप्रसाद गौतम, सचिवमा सपना रेग्मी लम्साल, कोषाध्यक्षमा अधिवक्ता बाबुराम न्यौपाने तथा कार्यसमिति सदस्यमा प्रभा अर्याल, राधिका रिजाल र राधा भट्टराई अधिकारीलाई चयन गरिएको छ ।

९ सदस्यीय कार्यसमितिमा २ जना सदस्य कार्यसमिति बैठकले मनोनयन गर्नेछ । सोही परिषद् बैठकले नवनिर्वाचित कार्यसमितिका संयोजक भण्डारी र सचिव रेग्मीलाई प्रदेश प्रतिनिधिमा चयन गरिएको छ ।

समूहका संयोजक कविन्द्र नेपालको अध्यक्षतामा भएको कार्यक्रममा समूहका पूर्व संयोजक तथा पूर्व केन्द्रीय महासचिव करुण खनाल, सल्लाहकार पूर्व संयोजक वरिष्ठ अधिवक्ता शालिकराम वञ्जाडे, बार काउन्सिलका पूर्व काउन्सिलर अधिवक्ता बाबुराम पाण्डे, बुटवल बहुमुखी क्याम्पसका सहायक क्याम्पस प्रमुख जीवनारायण अधिकारीलगायतले शुभकामना व्यक्त गरेका थिए ।

# नयाँमिलमा ईभी चार्जिङ्ग स्टेशन सञ्चालनमा



बुटवल । रुपन्देहीको तिलोत्तमा-४ नयाँमिलमा विद्युतीय सवारी साधनका लागि नेपालकै ठूलो चार्जिङ्ग स्टेशन सञ्चालनमा आएको छ । ४ करोड रुपैयाँ लगानीमा निर्माण गरिएको सो चार्जिङ्ग स्टेशनमा एक पटकमा १४ वटा सवारी साधन चार्ज गर्न सकिने छ । स्टेशनमा १ हजार केभिए क्षमताको विद्युत् ट्रान्सफर्मर जडान गरिएको र ७ वटा चार्जिङ्ग मेसिनबाट एकपटकमा १४ वटा गाडी चार्ज गर्न सकिने शशिला मोटर्स प्रा.लि.का महाप्रबन्धक अशोक सुवेदीले जानकारी दिए ।

चार्जिङ्ग स्टेशनको शुभारम्भ गर्दै तिलोत्तमा नगर प्रमुख रामकृष्ण खाँणले मुलुकको व्यापार घाटा र वायु प्रदूषण घटाउन विद्युतीय सवारी साधनलई प्रवर्धन गर्नु पर्नेमा जोड दिए । उनले विद्युत् आपूर्ति नियमित गर्न नेपाल विद्युत् प्राधिकरणको ध्यान जानुपर्ने र स्वदेशमा उत्पादित विद्युत् खपत बढाउनु पर्ने बताए । उच्च वायु प्रदूषण र बढ्दो तापक्रम रोक्न विद्युतीय सवारी साधन प्रभावकारी हुने खाँणले बताए ।

पश्चिम नेपाल बस व्यवसायी प्रा.लि.का अध्यक्ष दधिराम खरेलले विद्युतीय सवारी साधनले प्रदान गर्ने सेवाको गुणस्तर उच्चस्तरको हुनुपर्ने बताउँदै अघोषित लोडसेडिङ्गको समस्या समाधान गर्न सरकारसँग आग्रह गरे । विद्युतीय सवारी साधनप्रति आम जनताको विश्वास स्थापित गर्न विद्युत् आपूर्तिलाई गुणस्तरीय बनाउनुको विकल्प नरहेको खरेलले बताए । चार्जिङ्ग स्टेशनमा अटो वर्कसप र अटो पार्टस्को व्यवस्था समेत गरिनु पर्नेमा उनले जोड दिए ।

सो अवसरमा शशिला अटो मोटर्सका प्रबन्ध निर्देशक सन्तोष खतिवडा, महाप्रबन्धक अशोक सुवेदी, विद्युत प्राधिकरणका सहायक प्रबन्धक रामप्रसाद ज्ञवाली, यातायात व्यवसायी बाबुराम खरेललगायतले आ-आफ्ना भनाइ राखेका थिए । सो अवसरमा शशिला मोटर्स प्रा.लि.बाट हाईगर कम्पनीको विद्युतीय सवारी साधन खरिद गर्ने तीन जनालाई साँचो हस्तान्तरण गरिएको थियो । आइतबार नै उक्त कम्पनीले बुटवल कालिकानगरमा विद्युतीय गाडी बिक्री गर्न शोरुम सञ्चालनमा ल्याएको छ ।

# कालिका मानवज्ञानलाई एजुकेसन एक्सिलेन्स अवार्ड

बुटवल । कालिका मानवज्ञान माध्यमिक विद्यालय बुटवलले राष्ट्रकै सर्वोत्कृष्ट सामुदायिक विद्यालय अवार्ड जितेको छ । केन्द्रबिन्दु मिडियाले आयोजना गरेको तेस्रो संस्करणको 'केन्द्रबिन्दु एजुकेसन एक्सिलेन्स अवार्ड २०८२' अन्तर्गत कालिकाले अवार्ड पाएको हो । शैक्षिक क्षेत्रमा अब्बल सावित भएका संस्थागत र सामुदायिक शैक्षिक संस्था र व्यक्तित्वहरुलाई उक्त मिडियाले काठमाडौंमा सम्मान गरेको हो ।

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री रघुजी पन्तको प्रमुख अतिथि रहेको कार्यक्रममा राष्ट्रिय परीक्षा बोर्डले उत्कृष्ट ठहराएका ७ उत्कृष्ट र देशकै सर्वोत्कृष्ट एक सामुदायिक विद्यालयलाई सम्मान गरिएको हो ।

जसमा सामुदायिक विद्यालयतर्फ कालिका मानवज्ञान माध्यमिक विद्यालय सम्मानित भएको हो ।

अवार्ड कालिका मानवज्ञान माविका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष नित्यान्द ज्ञवाली, प्रधानाध्यापक दिनेश थापाले संयुक्त रुपमा ग्रहण गरेका हुन् ।

# रोटरी चौतारीद्वारा मानवसेवा आश्रममा भोजन




बुटवल । मानवसेवा आश्रममा आश्रय लिएकाहरुलाई खाना खुवाएर रोटरी क्लब अफ बुटवल चौतारीले आफ्नो २५७औं नियमित बैठक सम्पन्न गरेको छ । रुपन्देहीको तिलोत्तमा भलबारीस्थित मोक्षधाममा सञ्चालित मानवसेवा आश्रममा आश्रय लिएकाहरुलाई शनिबार भोजनसहित रोटरी चौतारीले आफ्नो नियमित बैठक सम्पन्न गरेको हो ।

रोटेरीयनहरु बासु भुसाल, विष्णु भट्टराई र विष्णु पौडेलको जन्मदिन र वैवाहिक वर्षगाँठको अवसरमा क्लबले आश्रमका बासिन्दाहरूको लागि माया र सम्मानका साथ खाना वितरण कार्यक्रम गरेको हो ।

कार्यक्रममा क्लबका संस्थापक अध्यक्ष डा. विष्णु घिमिरे, निवर्तमान अध्यक्ष नुमेन्द्र पौडेल, पूर्वअध्यक्ष पिदनेशमणि सुवेदीलगायत सम्पूर्ण रोटरीयनहरुको सहभागिता रहेको थियो । कार्यक्रममा क्लबका अध्यक्ष राजु अधिकारीले मानवसेवा नै सबैभन्दा ठूलो धर्म रहेको र रोटरी क्लब अफ बुटवल चौतारी र मानवसेवा आश्रमबिच धेरै वर्षदेखि निरन्तर सहकार्य रहँदै आएकोले अहिले पनि यसैलाई निरन्तरता दिइएको बताए ।

विभिन्न कारणले बेसहारा, अशक्त, असहाय, अनाथ, अभिभावकविहीन बन्न पुगेका व्यक्तिहरुलाई मानवसेवा आश्रमले आश्रय दिँदै आएको छ । यसरी आश्रय लिएकाहरुलाई क्लबले खाना खुवाएको अध्यक्ष अधिकारीले जानकारी दिए ।

क्लबका संस्थापक अध्यक्ष डा. विष्णु घिमिरेले मानवसेवा आश्रममा कार्यक्रम गर्न पाउँदा खुसीको अनुभूति भएको बताए । उनले क्लबले आगामी दिनमा पनि आश्रममा सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे ।

आश्रममा १२५ जनाले आश्रय लिएका छन् । पछिल्लो समय वैवाहिक उत्सव, जन्मदिन, पितृकार्यलगायतका अवसरमा आश्रममा आश्रितलाई खाना खुवाउने र आर्थिक सहयोग गर्ने क्रम बढ्दै गएको छ ।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्कः
बुटवल–७, पुरानो बसपार्क
(सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः–०७१–५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com